# प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५९।१।३०

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको प्रधानमन्त्री सहायता कोष सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले नियम ५ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनुपर्छ ।

३. **कोषको स्थापना** : (१) प्रधानमन्त्री सहायता कोष नामको एक कोषको स्थापना गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषलाई आवर्ति कोष (रिवल्विङ फण्ड) को रूपमा सञ्चालन गरिनेछ ।

४. **कोषको प्रयोग** : (१) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ :-

(क) गम्भीर विरामी भई औषधोपचार गराउन नसक्ने अवस्थाका राष्ट्रिय जीवनका ख्याति प्राप्त व्यक्तिको औषधोपचारमा सहयोग गर्ने,

नेपाल कानून आयोग

(ख) आर्थिक अवस्था दयनीय भएका व्यक्ति बिरामी परी औषधोपचारका लागि अस्पताल ल्याउँदा र अस्पतालबाट लैजाँदा सहयोग गर्ने,

(ग) दैवी प्रकोप वा दुर्घटनामा पर्नेहरूलाई उद्धार गर्न, सद्गत वा काजक्रिया खर्च वापत मृतकका आफन्तलाई सहयोग गर्ने,

(घ) आर्थिक तथा सामाजिक उत्थान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संघ संस्थाहरूलाई कुनै विशेष कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने,

(ङ) कमजोर आर्थिक अवस्था भएकालाई सहयोग गर्ने ।

(२) उपनियम (१) बमोजिम कोषको प्रयोग गर्ने आधार, कार्यविधि तथा आर्थिक सहयोगको दर समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **<u>कोष सञ्चालन समिति</u>** : (१) नियम ४ बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउनको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अध्यक्ष |
| (ख) | सहसचिव, गृह मन्त्रालय | सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | सहसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| (ङ) | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

(२) समितिले आफ्नो कार्यबिधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

६. **<u>कोषको व्यवस्था र सञ्चालन</u>** : (१) यस नियमावली बमोजिम कोषको नाममा प्राप्त हुन आउने रकम जम्मा गर्न नेपाल राष्ट्र बैंकमा एउटा खाता खोलिनेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन समितिको सदस्य-सचिव र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

नेपाल कानून आयोग

७. **परामर्श लिन सक्ने** : समितिले यस नियमावली बमोजिम आफ्नो कार्य सम्पादन गर्दा उपयुक्त सम्झेको व्यक्ति तथा निकायसँग आवश्यक परामर्श लिन सक्नेछ ।

८. **लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

९. **अधिकार प्रत्यायोजन** : नियम ४ बमोजिम कोषको प्रयोग गर्ने सम्बन्धमा समितिले निर्धारण गरेको आधार, कार्यविधि तथा आर्थिक दरको अधीनमा रही आर्थिक सहयोग उपलब्ध गराइने व्यक्ति वा संस्थाको पहिचान गरी आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गर्ने अधिकार समितिले अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

नेपाल कानून आयोग

द्रष्टव्य : नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०६० बाट रूपान्तर भएका शब्दहरू : "मन्त्रिपरिषद् सचिवालय" वा "प्रधानमन्त्रीको कार्यालय" को सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" ।